# औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्डको बैठक संचालन कार्यविधि, २०८०

स्वीकृत मितिः २०८०/०/०८

१. प्रस्तावनाः

औद्योगिक व्यवसाय ऐन.२०७६ को दफा २० को उपदफा १० ले दिएको अधिकार प्रयोग गरी औद्योगिक तथा लगानी प्रवर्द्धन वोर्डको वैठकलाई प्रभावकारी र व्यवस्थित वनाउन वैठक सन्चालन सम्वन्धी कार्यविधि. २०८० स्वीकृत गरी जारी गरिएको छ ।

२. संक्षिप्त नाम र प्रारम्भः

२.१. यस कार्यविधिको नाम औद्योगिक तथा लगानी प्रवर्द्धन वोर्डको वैठक संचालन सम्वन्धी कार्यविधि, २०८० रहेको छ।

२.२ यो कार्यविधि वोर्डले स्वीकृत गरे पश्चात लागू हुनेछ ।

३. परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा.

क) "विभाग" भन्नाले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तरगतको उद्योग विभाग सम्झनुपर्छ।

ख) "वोर्ड" भन्नाले औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा २० वमोजिम गठित औद्योगिक तथा लगानी प्रवर्द्धन वोर्ड सम्झनुपर्छ।

ग) "वोर्डको काम,कर्तव्य र अधिकार" भन्नाले औद्योगिक व्यवसाय ऐन,२०७६ र विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन,२०७५ ले व्यवस्था गरे वमोजिमको काम,कर्तव्य र अधिकार सम्झनुपर्छ।

घ) "मन्त्रालय" भन्नाले उद्योग सम्वन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालय सम्झनुपर्छ।

ङ) "सदस्य" भन्नाले औद्योगिक व्यावसाय ऐन,२०७६ को दफा २० वमोजिम गठित औद्योगिक तथा लगानी प्रवर्द्धन वोर्डमा उल्लेख भए वमोजिमका सदस्य सम्झनुपर्छ।

४. बैठक बस्ने स्थान र समय :

४.१ वोर्डको वैठक मन्त्रालयमा वस्नेछ। वैठकको लागि सूचना गर्दा वैठक वस्ने मिति,समय र स्थान खुलाई पठाउनुपर्नेछ।

५. छलफलको विषय:

५१. वोर्डको वैठक वोलाउदा सो वैठकमा छलफल गरिने कार्यसूची स्पष्ट रुपले किटान गरी वैठकको सूचनासँगै सदस्य सचिवले सवै सदस्यहरुलाई उपलव्ध गराउनुपर्नेछ ।

५.२ वैठकको सूचना र छलफलका कार्यसूची सूचना प्रविधिको माध्यमवाट व्यक्तिगत इमेलमा समेत पठाउन सकिनेछ ।

५.३ वोर्डको वैठकमा पेश गर्ने कार्यसूची/प्रस्ताव मन्त्रालयको निर्णय पश्चात वोर्डको अध्यक्षले तोकेको मितिमा विभागले कार्यसूचीको रुपमा अनुसूची- १ वमोजिमको ढाँचामा वैठकमा पेश गर्नुपर्नेछ ।

६. उपस्थितिः

६.१ वोर्डको वैठकमा कूल सदस्य संख्याको सामान्य वहुमत सदस्यको उपस्थिति अनिवार्य हुनुपर्नेछ ।

६.२ वोर्डको वैठकमा उपस्थित प्रत्येक सदस्यले उपस्थित पुस्तिकामा आफ्नो नाम र बुझिने गरी दस्तखत गर्नुपर्नेछ ।

७. निर्णय सम्वन्धी व्यवस्थाः

७.१ प्रस्तावमाथि वोल्ने क्रम समाप्त भएपछि वैठकको अध्यक्षता गर्ने व्यक्तिले सो प्रस्ताव निर्णयको लागि प्रस्तुत गर्नेछ ।

७.२ वैठकको निर्णय सामान्यतया सर्वसम्मत्तिको आधारमा हुनेछ । मत विभाजन हुने अवस्थामा अध्यक्षता गर्ने व्यक्ति सहित वहुमत सदस्यको निर्णय वैठकको निर्णय मानिनेछ ।

७.३ वैठकमा भएको कुनै निर्णयमा चित्त नवुझ्ने सदस्यले निर्णय पुस्तिकामा छोटकरीमा आफ्नो फरक मत जनाउन सक्नेछ ।

७.४ सदस्य सचिवले वैठकमा भएको निर्णयलाई उपस्थित सदस्यहरुलाई सही गराई निर्णय पुस्तिकामा अभिलेख गरी राख्नुपर्नेछ ।

८. प्रशासनिक खर्च सम्वन्धी व्यवस्थाः

८.१ वोर्ड वैठक सञ्चालन सम्वन्धमा मन्त्रालयले विभागलाई आवश्यक वजेटको व्यवस्था गरिदिनुपर्नेछ ।

८.२ वैठक भत्ता तथा अन्य सुविधाहरु नेपाल सरकार, अर्थ मन्त्रालयवाट जारी प्रचलित कार्यसञ्चालन निर्देशिकामा व्यवस्था भए वमोजिम हुनेछ ।

९. बाधा अडकाउ फुकाउनेः

यस कार्यविधि कार्यान्वयनमा कुनै वाधा अडकाउ परेमा वोर्डले निर्णय गरी फुकाउन सक्नेछ ।

## अनुसूची- १

### प्रस्तावको ढाँचा

(वुँदा नं. ५ को (५.३) सँग सम्वन्धित)

**औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्डको बैठक नं............औ बैठकमा पेश गरिएको प्रशतावहरुः**

विपयः...............................................।

प्रस्ताव पेश गर्न अध्यक्षवाट स्वीकृत प्राप्त मिति :

१. प्रस्तावको संक्षिप्त व्यहोरा :

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :

३. प्रस्ताव पेश गर्नुपर्नाको कारण र मन्त्रालयको राय :

४. निर्णय हुनुपर्ने व्यहोरा :